मिति २०७७/११/०२ को माननीय मन्त्रीस्तरिय निर्णय द्धारा स्वीकृत

# किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

फाल्गुन, २०७७

## किसान सूचीकरण कार्यक्रम कार्यान्वयन बिधि, २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (१) कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विधुतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारले यो कार्यक्रम कार्यान्वयन विधि तयार गरि लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यान्वयन बिधिको नाम "**किसान सूचीकरण कार्यक्रम कार्यान्वयन बिधि, २०७७**" रहेको छ।

(२) यो कार्यान्वयन बिधि मन्त्रालयबाट स्विकृत भए पश्चात लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "ऐन" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले संघ अन्तरगतको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश अन्तरगतको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "कृषि" भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, पुष्पखेती, च्याउ, रेशम, मत्स्यपालन, मौरीपालन, पशुपन्छीपालन लगायतको उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण समेतका कार्यहरु सम्झनु पर्छ।

(ङ) "किसान" भन्नाले ऐनको दफा २(ख) बमोजिको नागरिक सम्झनु पर्छ।

(च) "प्रमाणपत्र" भन्नाले कार्यबिधि अनुसार तयार गरिएको सूचना प्रणालीमा किसान आंफै वा सहजकर्ताको सहयोगमा ब्यक्तिगत विवरण भरीसकेपछी सम्बन्धित स्थानीय तहले प्रमाणीकरण गरेपछि सूचना प्रणालीबाटै जारी हुने प्रमाणपत्र सम्झनु पर्छ।

(छ) "प्रणाली" भन्नाले कृषक सुचीकरण व्यवस्थापन सफ्टवयर प्रणाली सम्झनु पर्छ।

(ज) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ।

(झ) "समुह" भन्नाले स्थानीय तह वा प्रदेशका निकायमा पञ्जिकरण भई कृषि कर्ममा संलग्न व्यक्तिहरुको समूह सम्झनु पर्छ।

(ञ) "सहकारी, समिति, फर्म, कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थानीय तह वा प्रदेशका निकाय वा संघीय निकायमा दर्ता भई कृषि कार्य गरिरहेका कानुनी व्यक्ति सम्झनु पर्छ।

...विकास मन्त्री

## परिच्छेद २
## किसान पहिचान प्रणाली

३. <u>किसान सूचीकरण प्रणाली विकासः</u> (१) किसान पहिचान र सूचीकरण सम्बन्धी कार्य गर्न मन्त्रालयले वेवमा आधारित एक सफ्टवेयर प्रणाली विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरेको प्रणाली संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुनेछ।

(३) उपदफा (१) बमोजिम तयार गरेको प्रणालीमा किसानको वैयक्तिक तथा कृषि सम्बन्धी विवरण संकलन गरिनेछ।

४. <u>प्रणालीमा आवद्ध हुन सक्नेः</u> (१) नेपाल भित्र जुनसुकै स्थानमा बसोबास गर्ने कृषि पेशामा आवद्ध व्यक्तिहरु यस प्रणालीमा आवद्ध हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम किसान सूचीकरणप्रणालीमा आवद्ध हुन चाहने कृषि पेशामा संलग्न व्यक्तिले स्वयम् वा कृषिसँग सम्बन्धित संघ, प्रदेश वा स्थानीय तहका सम्बन्धित निकायहरुको सहयोगमा प्रणालीको वेवसाईट वा मोबाईल एप्लिकेसन मार्फत आधारभूत विवरण प्रविष्ट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्रविष्ट गर्न किसानलाई आवश्यक सहयोग गर्नु सम्बन्धित स्थानीय तह र त्यहाँ कार्य क्षेत्र रहेका संघ र प्रदेश मातहतका निकाय समेतको कर्तव्य हुनेछ।

५. <u>किसानको व्यक्तिगत खाता श्रृजना हुनेः</u> (१) प्रणालीमा अनुसुची ३ अनुसारका आधारभुत विवरणहरु प्रविष्ट गरी अनुरोध गरे पश्चात प्रणालीमा सम्बन्धित किसानको व्यक्तिगत खाता सिर्जना हुनेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत खाता प्राप्त किसानले पहिचान संकेत नम्बर प्राप्त गर्नका लागि अनुसूची ४ बमोजिमका विस्तृत विवरण प्रविष्ट गरी प्रमाणीकरणका लागि पेश गर्नुपर्नेछ।

६. <u>सम्पर्क ईकाई तोक्नुपर्नेः</u> (१) दफा ४ र दफा ५ बमोजिम पेश भएका विवरणहरु प्रणाली भित्रको सम्बन्धित स्थानीय तहको अभिलेखमा सञ्चय हुनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चित अभिलेखको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहका प्रमुखले सम्पर्क ईकाईको रुपमा जिम्मेवार व्यक्ति वा शाखा तोक्नुपर्नेछ।

## परिच्छेद ३
## प्रमाणीकरण सम्बन्धी व्यवस्था

७. <u>अभिलेख प्रमाणीकरणः</u> (१) दफा ५ को उपदफा (२) बमोजिम पेश भएका किसान सूचीकरणको अभिलेख प्रमाणीकरण सम्बन्धित स्थानीय तहको वडा समिति मार्फत हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणीकरण कार्यका लागि दफा ६ को उपदफा (२) बमोजिमको सम्पर्क ईकाईले वडा अनुसार आवेदकको सूची लगायतका विस्तृत विवरण तयार गरी सम्बन्धित वडा समितिमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) अनुसार पेश भएका आवेदन सम्बन्धमा वडा समितिले देहायका विवरणहरु समेतलाई आधार मानी प्रमाणीकरण सम्बन्धी कार्य गर्नुपर्नेछ।

(क) दफा ५ बमोजिम प्रविष्ट विवरणहरु

(ख) स्थायी बसोबासको प्रमाण वा कृषि कर्म गरेको प्रमाण

(ग) नेपाली नागरिकताको प्रमाण पत्र

(घ) जमिनको स्वामित्वको प्रमाण वा करारमा कृषि कर्म गरेको भए सोको प्रमाण

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी बसोबास भएको स्थानीय तह भन्दा अन्यत्र कृषि कार्य गरिरहेका किसानको हकमा कृषि कार्य गरिरहेको सम्बन्धित स्थानीय तह बाट गर्न सकिनेछ।

(५) उपदफा (५) बमोजिम प्रमाणीकरण हुने किसानले एक भन्दा बढी स्थानीय तहमा कृषि कार्य सञ्चालन गरेको भएमा कुनै एक स्थानीय तहमा सूचीकृत हुन सक्नेछ र अन्य स्थानामा रहेको विवरण समेत प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ र उक्त विवरण सम्बन्धित स्थानीय तहहरुको अभिलेखमा समेत सञ्चय हुनेछ।

(६) उपदफा (३) बमोजिमका विवरण रूजु गर्दा वडा समितिले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(७) पेश भएका कागजात वा स्थलगत अनुगमन गरिएमा सोको प्रतिवेदन समेतका आधारमा वडा समितिले उक्त किसानले सो स्थानीय तह भित्र कृषि कर्ममा संलग्न रहेको प्रमाणीकरण गर्नुपर्नेछ।

(८) दफा (७) अनुसार प्रमाणीकरण भएका कृषकहरुको व्यक्तिगत र कृषि पेशा सम्बन्धी विवरणहरु कृषक स्वंयले ठीक छ भनी पेश गरेका आधारमा हुनेछ र यसमा प्रविष्ट विवरणहरूको जवाफदेही सम्बन्धित किसान नै हुनेछ । उपलब्ध विवरणहरु हेर्न र कुनै विवरणहरुमा त्रुटी भएमा आवश्यक संशोधनका लागि दफा (१३) अनुसार किसानले अनुरोध गर्न सक्नेछ ।

८. <u>किसानको सूची प्रकाशन गर्ने:</u> (१) निर्देशिकाको दफा ७ बमोजिम प्रमाणीकरण हुन योग्य आवेदकको सम्बन्धित पालिकाले नाम नामेसी सहितको प्रारम्भिक सूची हरेक महिना सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची उपर कोही कसैलाई चित्त नबुझेमा १५ दिन भित्र कारण सहित वडा समिति समक्ष उजुरी दिन सक्नेछन्।

(३) उपदफा (१) बमोजिमको सूचीमा उपदफा (२) अनुसार कुनै दावी विरोध प्राप्त नभएका वडा समितिले उक्त वडामा कृषि कर्ममा संलग्न रहेका किसानहरूको प्रमाणीत नामावली प्रकाशित गर्नेछ।

(४) उपदफा (२) बमोजिम उजुरी पर्न गएका आवेदकहरुको हकमा वडा समितिले स्थलगत अवलोकन तथा आवश्यक छानविन समेत गरी आवश्यक निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा कसैलाई चित्त नबुझेमा सम्बन्धित स्थानीय तहमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित स्थानीय तहले सोमा आवश्यक पुनरावलोकन गर्नुपर्नेछ।

(७) उपदफा (३), (४) र (६) बमोजिम प्रकाशित नामावलीका आधारमा सम्बन्धित पालिकाको सम्पर्क ईकाईले अभिलेखालयमा गई प्रमाणीकरण भएको जनाउनु पर्नेछ।

९. प्रमाणपत्र प्राप्त गर्ने: (१) दफा ८ को उपदफा (७) बमोजिम प्रमाणीकरण भएका आवेदकले अनुसूची २ बमोजिमको किसान सूचीकरणको प्रमाणपत्र व्यक्तिगत खाताबाट प्राप्त गर्न सक्नेछन्।

(२) प्रणालीबाट जारी हुने प्रमाणपत्रको दर्ता नम्बरमा एक अंकको प्रदेशको संकेत, दुई अंकको जिल्ला संकेत, तीन अंकको स्थानीय तह संकेत, दुई अंकको वडा संकेत नम्बर पश्चात पाँच अंकको कृषक पहिचान नम्बर सिलसिलेवार रुपमा रहनेछ।

## परिच्छेद ४

## समूह, सहकारी, निजी फार्म र कम्पनीबाट कृषि सम्बन्धी कार्यको विवरण प्रविष्ट गर्ने व्यवस्था

१०. कृषि सम्बन्धी कार्य गर्ने समूह, सहकारी, निजी फार्म र कम्पनीले किसान सूचीकरण प्रणालीमा आवद्ध हुन सक्ने: (१) कृषि सम्बन्धी व्यवसायमा क्रियाशील समूह, सहकारी, निजी फार्म र कम्पनीहरुले समेत प्रणालीमा आवद्ध हुन सक्ने छन्।

(२) उपदफा (१) बमोजिम प्रणालीमा आवद्ध हुन चाहने समूह, सहकारी, निजी फार्म र कम्पनीहरुले कानुन बमोजिम सरकारी निकायमा दर्ता भएको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रणालीमा आवद्ध हुन चाहने समूह, सहकारी, निजी फार्म र कम्पनीले अनुसूची ३ र अनुसूची ४ बमोजिमका विवरण प्रविष्ट गरी आवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम आवेदन परेका समूह, सहकारी, निजी फार्म र कम्पनीको हकमा निर्देशिकाको दफा ६ बमोजिमको सम्बन्धित स्थानीय तहको वडा समितिले पेश भएका कागजात, अन्य प्रमाण तथा आवश्यक भएमा स्थलगत अनुगमन समेत गरी प्रमाणीकरण गर्नु पर्नेछ।

## परिच्छेद ५

## अभिलेख व्यवस्थापन

११. राष्ट्रिय तथ्याङ्क प्रणाली सञ्चालन व्यवस्थापन: निर्देशिकाको दफा ४, ५ र १० बमोजिम प्रविष्ट भएका विवरण सुरक्षित तवरले व्यवस्थापनका लागि मन्त्रालयले मातहतको निकाय तोक्ने वा छुट्टै इकाई गठन गरी परिचालन गर्नेछ।

१२. विवरण हेर्ने अधिकार: (१) प्रणालीमा सूचीकरण भएका व्यक्तिगत वा संस्थागत विवरण सम्बन्धित किसान तथा संस्था, सम्बन्धित स्थानीय तह, सम्बन्धित प्रदेश मन्त्रालयले तोकेको निकाय तथा मन्त्रालयले तोकेको निकायले हेर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले तोकेको कार्यविधि बमोजिम अन्य निकायहरु समेतलाई तथ्याङ्क उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) अनुसारका विवरणको गोपनियता कायम राख्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम विवरण हेर्न चाहने किसानले प्रणालीमा प्रविष्ट गरेको आफ्नो नाम वा आइडि र पासवर्ड प्रयोग गरी हेर्न सक्नेछन ।

१३. विवरण सच्याउने: (१) निर्देशिकाको दफा ४ बमोजिम प्रविष्ट आधारभूत विवरण सच्याउन वा थप घट गर्न आवश्यक भएमा कृषकले यस प्रणाली मार्फतविवरण सच्याउन अनुरोध गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम विवरण सच्याउन अनुरोध प्राप्त भएमा सम्बन्धित स्थानीय तहले तोकेको व्यक्तिले प्रमाण पुगेको अवस्थामा तत्कालै वा स्थलगत अनुगमन गरी गर्नु पर्ने भएमा १५ दिन भित्र अनुगमन गरी सोको आधारमा विवरण सच्याउन पेश भएको अनुरोध स्वीकृत गर्नु पर्नेछ।

१४. अभिलेखको नियमित व्यवस्थापन (१) संघ, प्रदेश वा स्थानीय तह अन्तरगतका कृषिसँग सम्बन्धित निकायहरुले निर्देशिकाको दफा ८ र दफा १० बमोजिम प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा संस्थाले तत् निकाय मार्फत प्राप्त गरेको अनुदान वा प्रवाह भएको सेवा, सुविधा वा सहुलियत सम्बन्धी विवरण अध्यावधिक गरी अभिलेख व्यवस्थापन गर्नु पर्नेछ।

(२) संघ, प्रदेश वा स्थानीय तहका सेवा प्रदायक निकायलाई परिचयपत्र प्राप्त गरेका किसानले पाएको सेवा, सुविधा, सहुलियत एवं अनुदान सम्बन्धी विवरण प्रविष्ट गर्न मिल्ने गरी प्रणाली सञ्चालन गरिनेछ र उक्त विवरण सम्बन्धित किसानको खातामा समेत अध्यावधिक हुनेछ । (४) मन्त्रालयले देश भरिका, प्रदेशले सम्बन्धित प्रदेश र र स्थानीय तहले सम्बन्धित पालिका अन्तर्गतका किसान र उनीहरुलाई उपलब्ध हुने सेवा सुविधाहरुको विवरण अद्यावधिक गरी अभिलेख व्यवस्थित गरी राख्नु पर्नेछ।

## परिच्छेद ६

## समिति सम्बन्धी व्यवस्था

१५. किसान सूचीकरण कार्यक्रम निर्देशक समिति: (१) किसान सूचीकरणसम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा उच्च स्तरीय समन्वय तथा निर्देशनको लागि देहाय बमोजिम अध्यक्ष र सदस्य रहने एक किसान सूचीकरण कार्यक्रम निर्देशक समिति रहनेछ,-

| | |
|---|---|
| (क) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| (ख) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं १ | सदस्य |
| (ग) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं २ | सदस्य |
| (घ) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बाग्मती प्रदेश | सदस्य |
| (ङ) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| (च) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५ | सदस्य |

(छ) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश — सदस्य

(ज) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश — सदस्य

(झ) अध्यक्ष, राष्ट्रिय किसान आयोग — सदस्य

(ञ) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य

(त) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको कार्यविवरण समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिका अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले किसान पहिचान प्रणाली कार्यान्वयनका लागी आवश्यकता अनुसार काम, कर्तव्य, अधिकार र कार्यविधि समेत तोकि उपसमिति गठन गर्न सक्नेछ।

१६. <u>किसान सूचीकरण कार्यक्रम समन्वय समितिः</u> (१) किसान सूचीकरणगरी प्रमाणपत्र वितरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि संघमा देहाय बमोजिम अध्यक्ष र सदस्य रहने एक किसान सूचीकरण कार्यक्रम समन्वय समिति रहनेछ,-

(क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — अध्यक्ष

(ख) सह सचिव, गृह मन्त्रालय — सदस्य

(ग) सह सचिव, राष्ट्रिय योजना आयोग — सदस्य

(घ) सदस्य सचिव, राष्ट्रिय किसान आयोग — सदस्य

(ङ) सह सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य

(च) सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय स्तरको कृषक सञ्जाल — सदस्य

(ज) मन्त्रालयले सचिवालय तोकेको निकायको प्रमुख — सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) समितिको अध्यक्षको परामर्शमा सदस्य सचिवले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम कर्तव्य र अधिकारः समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) किसान सूचीकरण प्रणालीलाई सञ्चालन तथा समय सापेक्ष परिमार्जन व्यवस्थापन गर्ने

(ख) संघ, प्रदेश तथा स्थानीय तहमा प्रणाली सञ्चालनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने

(ग) संकलन गरिएका तथ्याङ्कहरुको गोपनियता सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

(घ) किसान सूचीकरण प्रणाली सञ्चालनको वार्षिक कार्ययोजना स्वीकृत गर्ने

(ङ) कृषक सूचीकरण प्रणाली सञ्चालनको अनुगमन र पृष्ठपोषण गर्ने

(च) आवश्यकता अनुसार उप समितिहरु गठन गरी कार्य गराउने

१७. किसान सूचीकरण व्यवस्थापन प्रादेशिक समन्वय समितिः (१) किसान सूचीकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि प्रदेशस्तरमा कृषि हेर्ने मन्त्रीको अध्यक्षतामा सम्बन्धीत अन्य सरोकारवाला निकायका प्रतिनिधीहरु सदस्य रहने एक किसान सूचीकरण प्रणाली व्यवस्थापन प्रादेशिक समन्वय समिति रहनेछ,-

१८. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिः (१) किसान सूचीकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि प्रत्येक स्थानीय तहका उपप्रमुखको अध्यक्षतामा सम्बन्धीत अन्य सरोकारवाला निकायका प्रतिनिधीहरु सदस्य रहने एक किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति रहनेछ,-

## परिच्छेद ७

## जनशक्ति ब्यवस्थापन

१९. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्पर्क ब्यक्तिः (१) किसान सूचीकरणगरी प्रमाणपत्र वितरण सम्वन्धी कार्य सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि संघ, प्रदेश र स्थानीय तहको हरेक निकायमा एक, एक जना सम्पर्क ब्यक्तिको ब्यवस्था गरिनेछ । किसान सूचीकरणकार्यक्रमको लागि बिभिन्न तहको भुमिका अनुसुची १ अनुसार हुनेछ ।

(२) किसान सूचीकरणको लागि किसान परिवारको बैयक्तिक तथा कृषि तथ्यांक संकलनको लागि हरेक स्थानीय तहले सन् २०११ को जनगणना अनुसार प्रति वडा औषत ३०० सम्म घरधुरी भएको स्थानीय तहहरुमा प्रत्येक वडामा कम्तीमा २ जना, प्रति वडा औषत ३०१ देखि १००० सम्म घरधुरी भएको स्थानीय तहहरुमा प्रत्येक वडामा कम्तीमा ३ जना र प्रति वडा औषत १००० भन्दा बढी घरधुरी भएको स्थानीय तहहरुमा प्रत्येक वडामा कम्तीमा ४ जनाका दरले कम्तीमा १२ कक्षा उत्तीर्ण, इन्टरनेट चलाउन सक्ने, एन्ड्रोइड वा स्मार्ट फोन वा ट्याबलेट वा ल्यापटप भएका युवा वा स्थानीय शिक्षकलाइ सहजकर्ताको रुपमा छनौट गर्नेछ ।

(३) मन्त्रालयले किसान सूचीकरण सूचना प्रणाली संचालन तथा किसान सूचीकरणको लागि प्रशिक्षक प्रशिक्षण संचालन गर्नेछ । केन्द्रका प्रशिक्षकहरुले प्रदेशस्तर र प्रदेश मातहत निकायका सम्पर्क ब्यक्तिहरुको प्रशिक्षक प्रशिक्षण तालीम संचालन गर्नेछन भने, कृषि ज्ञान केन्द्र तथा पशु सेवा बिज्ञ केन्द्रका प्रशिक्षक प्रशिक्षण तालीम प्राप्त सम्पर्क ब्यक्तिहरुले स्थानीय तहका सम्पर्क ब्यक्तिहरुलाइ प्रशिक्षक प्रशिक्षण तालीम संचालन गर्नेछन । स्थानीय तहका प्रशिक्षक प्रशिक्षण

प्राप्त सम्पर्क व्यक्तिहरुले स्थानीय तहले छनौट गरेका सहजकर्ताहरुलाइ किसान सूचीकरण सूचना प्रणाली संचालन तथा बिवरण संकलन तालीम प्रदान गर्नेछन ।

(४) किसान सूचीकरण तथा तथ्यांक संकलन गर्ने काम स्थानीय तहबाट तालीम प्राप्त सहजकर्ताहरुबाट हुनेछ । सक्षम किसानहरुले आंफै पनि सूचना प्रणाली मार्फत सूचीकरण हुने र बैयक्तिक बिवरण भर्ने काम गर्न सक्नेछन भने स्थानीय तह, प्रदेश तथा संघ मातहत निकायमा कार्यरत कर्मचारीहरुले पनि किसानहरुलाइ किसान सूचीकरण कार्यक्रममा सहयोग गर्न सक्नेछन ।

(५) सहजकर्ताहरुलाइ किसान सूचकरण सूचना प्रणाली संचालन र किसानको बैयक्तिक बिवरण तथा कृषि तथ्यांक संकलमा कुनै समस्या भएमा स्थानीय तहका तालीम प्राप्त सम्पर्क व्यक्तिहरुको साथै प्रदेश र संघ मातहत निकायका सम्पर्क व्यक्तिहरुले आबश्यक सहयोग तथा प्राबिधिक पृष्ठपोषणको लागि सहयोग गर्नेछन ।

२०. <u>सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुबिधाः</u> (१) स्थानीय तहबाट छनौट भएका सहजकर्ताहरुलाइ स्थानीय तहका तालीम प्राप्त सम्पर्क व्यक्तिहरुले किसान सूचीकरण सूचना प्रणाली संचालन तथा बिवरण संकलन तालीम प्रदान गर्नेछन ।

(२) सहजकर्ताहरुले प्रत्येक किसानको बैयक्तिक बिवरण तथा कृषि तथ्यांक संकलन गरी सूचना प्रणालीमा प्रविष्ट गरेवापत प्रति स्थानीय तह १००० सम्म घरधुरी भएकोमा प्रति घरधुरी १५० रुपैया, १००१ देखि २००० घरधुरी सम्म प्रति घरधुरी १२५ रुपैयां, २००१ देखि ३००० घरधुरी सम्म प्रति घरधुरी १०० रुपैयां, ३००१ वा सो भन्दा बढी घरधुरी भएकोमा प्रतिघरधुरी ७५ रुपैयांका दरले पारिश्रमिक पाउनेछन।

सहजकर्ता परिचालनको लागि आबश्यक आर्थिक ब्यवस्थापन सम्बन्धित स्थानीय तहले नेपाल सरकारबाट किसान सूचिकरण तथा कृषि तथ्यांक संकलनको लागि उपलब्ध गराइएको सशर्त अनुदान बाट खर्च गर्न सक्नेछन ।

(३) भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा बिज्ञ केन्द्रमा १,१ जना सम्पर्क अधिकृत र स्थानीय तहका तोकिएका सम्पर्क व्यक्तिहरुलाइ किसान सूचीकरणकार्यक्रममा सहजकर्ता तथा किसानहरुलाइ प्राबिधिक पृष्ठपोषण गरे वापत नियमानुसारको यातायात तथा संचार र खाजा खर्च प्राप्त गर्न सक्नेछन ।हरेक सम्पर्क व्यक्तिहरुले हरेक १५ दिनमा आंफुले सहजीकरण गरेको र आफ्नो कार्यक्षेत्र भित्र किसान सुचीकरणको बिवरण आंफु कार्यरत निकायमा पेश गर्नुपर्नेछ ।

(४) किसान सूचीकरणको लागि सहजकर्ता छनौट गर्दा स्मार्ट फोन वा ट्याबलेट वा ल्यापटप भएका व्यक्तिहरु छनौट गरिने भएपनि बजेटको व्यवस्था भएकोमा सम्बन्धित स्थानीय तह वा प्रदेश सरकार र मातहतका निकायहरुले किसान सूचीकरण तथा कृषि तथ्यांक संकलनको लागि उच्च गतिमा चल्ने ट्याबलेट वा ल्यापटप खरिद गरी सहजकर्ता र सम्पर्क व्यक्तिहरुलाइ उपलब्ध गराउन (फिर्ता गर्ने गरी) सक्नेछन ।

## विविध

२१. किसान सूचीकरण प्रणालीमा आवद्धताका लागि अभियान सञ्चालन गर्ने: (१) स्थानीय तहले आफ्नो कार्य क्षेत्रका किसानहरुलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान सञ्चालन गर्न सक्नेछ। यसका लागि किसान सूचिकरण तथा कृषि तथ्यांक संकलनको लागि उपलब्ध गराइएको सशर्त अनुदान रकम परिचालन गर्न सकिनेछ ।

(२) यस अभियानलाई सहयोग पुऱ्याउनु सम्बन्धित पालिकामा कार्य क्षेत्र रहेका संघ र प्रदेशका निकायको समेत कर्तव्य हुनेछ।

(३) मन्त्रालयबाट सफ्टवेयर र कार्यविधि स्विकृत भए पश्चात सम्बन्धित स्थानीय तहका कृषकहरुलाई यस कार्यक्रमको सूचना तथा जानकारीका लागि स्थानीय, प्रदेश र राष्ट्रियस्तरमा समेत प्रचार प्रसारका कार्यक्रमहरु सन्चालन गर्नुपर्नेछ ।। कार्यक्रमको प्रचार प्रसारको लागि श्रब्य तथा दृष्य सामग्री तयारीका लागि किसान सूचिकरण तथा कृषि तथ्यांक संकलनको लागि उपलब्ध गराइएको सशर्त अनुदान परिचालन गर्न सकिनेछ ।

२२. सेवा सुविधा प्राप्त गर्न किसान सूचीकरण प्रमाणपत्र नम्बर अनिवार्य हुने: (१) यस प्रणालीको पूर्ण सन्चालन पश्चात तीनै तहका सरकार वा अन्तर्गतका निकायहरुबाट प्रवाह हुने कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी सुविधा, सहुलियत, अनुदान तथा सेवा समेत प्राप्त गर्न किसान सूचीकरण प्रमाणपत्र नम्बर अनिवार्य गरिनेछ।

२३. कृषि कर्म गर्ने स्थान वा व्यवसाय परिवर्तन: (१) निर्देशिकको दफा ९ बमोजिम सूचीकरण प्रमाणपत्र पाएका किसानले कृषि कर्म गर्ने स्थान वा कृषि कर्म परिवर्तन गरेमा कृषकले प्रणालीमा प्रवेश गरि सम्बन्धित पालिकामा निवेदन दिई विवरण अध्यावधिक गराउनु पर्नेछ।

(२) निर्देशिकको दफा ९ बमोजिम सूचीकरण प्रमाणपत्र पाएका किसानले कृषि कर्म त्याग गरेमा किसान परिचयपत्र रद्द गर्न सम्बन्धित स्थानीय तहमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आवेदन प्राप्त भएमा सम्बन्धित स्थानीय तहले आवश्यक परीक्षण गरी सूचीकरण प्रमाणपत्र रद्द गरी सोको जानकारी किसान सूचीकरण सूचना प्रणालीमा प्रविष्ट गर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचीकरण प्रमाणपत्र रद्द भएमा सम्बन्धित किसानको विवरण किसान पहिचान प्रणालीबाट हटाइनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) एक पटक सूचीकरण प्रमाणपत्र रद्द गरेका किसानले पुनः कृषि कर्म सुरु गरी किसान पहिचान प्रणालीमा आवद्ध हुन चाहेमा आवेदन दिने लगायतका सबै प्रकृया पुनः गर्नु पर्नेछ।

२४. विवरण अद्यवाधिक गर्नुपर्ने: (१) दफा ९ बमोजिम किसान परिचय पत्र प्राप्त गर्ने किसान तथा दफा १० बमोजिम सूचिकरण हुने समूह, सहकारी, निजी फार्म र कम्पनीले वार्षिक रुपमा विवरण अद्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण अद्यावधिक नगर्ने किसान वा समूह, सहकारी, निजी फार्म र कम्पनीको प्रोफाईल स्वतः निष्क्रिय हुने र अद्यावधिक पश्चात मात्र पुनः सक्रिय हुनेछ।

२५. अनुगमन तथा प्रतिवेदन तयार: (१) किसान सूचीकरण प्रणालीको कार्यान्वयन अवस्थाको संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायले अनुगमन गर्न सक्नेछन्।

(२) मन्त्रालय, प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहको कृषि तथा पशु सेवा शाखाले किसान सूचीकरण सूचना प्रणाली बाट संकलित विवरण तथा तथ्यांक सम्बन्धी बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

२६. विविधः खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ४७ बमोजिम नियमावली जारी भइसकेपछि यसै सूचना प्रणालीमा भएको तथ्यांकको आधारमा किसान वर्गिकरण तथा किसान परिचयपत्र जारी गर्ने काम कार्यान्वयनमा लगिनेछ ।

कृषि तथा पशुपन्छी विकास म

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसुची १

## किसान सूचीकरण कार्यक्रममा बिभिन्न तहको भुमिका

### (क) कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयको भुमिकाः

- किसान सुचीकरणको लागि सफ्टवयर तयार गर्ने, सूचना प्रणालीको सुरक्षा तथा प्राबिधिक कामको ब्यवस्था गर्ने ।
- किसान सुचीकरणको लागि मन्त्रालयमा प्राबिधिक (सूचना प्रविधि बिज्ञ) सहितको इकाइ गठन गर्ने ।
- मन्त्रालय मातहत सबै बिभाग तथा निकायहरुमा किसान सुचीकरणको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने ।
- केन्द्रिय तथा प्रदेश स्तरमा सम्पर्क अधिकृतहरुको लागि क्षमता बिकास तालीम संचालन गर्ने ।
- किसान सूचीकरणकार्यक्रमको प्रचार प्रसार गर्ने ।
- प्रदेश भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसंग कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आबश्यक समन्वय गर्ने गराउने ।
- किसान सुचीकरणको कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालय मातहतको निकायहरुको परिचालन गर्ने
- किसान सुचीकरणको अनुगमन तथा सुपरीवेक्षण गरी सुचीकरणको कामलाइ गति दिन आबश्यक पहल गर्ने ।
- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम संचालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्यांकको आधारमा गर्ने ।
- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम संचालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने ब्यवस्था मिलाउने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाइ किसान सहुलियत तथा किसान कल्याण सम्बन्धि न्युनतम सुबिधाको सुनिश्चितता गर्ने ।
- भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाइ सूचना प्रणाली स्थापना लगायत अन्य कामको लागि आबश्यक सहयोग गर्ने ।
- यस कार्यक्रमलाई सुचारु सन्चालनका लागि तीनै तहको समन्वयमा आवश्यक बजेटको सुनिश्चितता गर्ने ।

### (ख) भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयः

- प्रदेश मन्त्रालयमा खाद्य सुरक्षा तथा कृषि ब्यवसाय प्रवर्द्धन महाशाखालाइ सम्पर्क बिन्दु तोक्नको साथै मातहत सबै निकायमा किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- मनत्रालयका सम्पर्क अधिकृतहरुलाइ किसान सूचीकरणअवधिभरको लागि यातायात तथा संचार खर्चको व्यवस्था गर्ने ।
- किसान सूचीकरणकार्यक्रमको प्रचार प्रसार गर्ने ।
- जिल्ला समन्वय समिति र स्थानीय तहहरुसंग कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय गर्ने गराउने ।
- किसान सुचीकरणको कार्यक्रम कार्यान्वयनकोको लागि प्रदेश मन्त्रालय मातहतको निकायहरुको प्रभावकारी परिचालन गर्ने ।
- प्रदेश भरीमा भएको किसान सुचीकरणको लगत तयार गरी सुचीकरणको कामलाइ गति दिन आवश्यक पहल गर्ने ।
- सूचना प्रणालीमा भरेका फारमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी कुनै सुझाव भए सम्बन्धित निकाय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाइ समेत जानकारी गराउने ।
- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम संचालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्यांकको आधारमा गर्ने ।
- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम संचालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने व्यवस्था मिलाउने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाइ किसान सहुलियत तथा किसान कल्याण सम्बन्धि न्युनतम सुबिधाको सुनिश्चितता गर्ने ।
- स्थानीय तहहरु र प्रदेश मातहत निकायमा किसान सूचना प्रणालीको लागि आवश्यक उपकरणहरुनको लागि आवश्यक ट्याबलेटहरुको बजेटको व्यवस्था गर्ने ।
- किसान सूचना प्रणालीको संचालनमा कुनै प्राबिधिक समस्या भए कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयमा जानकारी गराउने ।
- किसान सुचीकरणको लागि संघिय सरकारले स्थानीय तहहरुलाइ उपलब्ध गराएको सशर्त अनुदानको रकमले नपुग भएमा थप रकम उपलब्ध गराउने ।

(ग) कृषि ज्ञान केन्द्र र पशु सेवा बिज्ञ केन्द्रहरुको भुमिकाः

- किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने ।
- किसान सूचीकरणकार्यक्रमको प्रचार प्रसार गर्ने ।
- जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुमा समन्वय गरी जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाइ कार्यक्रमको बारेमा जानकारी गराउने ।

कृषि तथा पशुपन्छी विकास मन

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- सम्पर्क अधिकृत तथा सहजकर्ता (तथ्यांक संकलक) हरुलाइ किसान सूचीकरणसूचना प्रणाली संचालनको लागि क्षमता बिकास तालीम संचालन गर्ने ।
- कृषि ज्ञान केन्द्र र पशु सेवा बिज्ञ केन्द्रका सम्पर्क अधिकृतहरुलाइ किसान सूचीकरणअबधिभरको लागि यातायात तथा संचार खर्चको ब्यवस्था गर्ने ।
- बिभिन्न स्थानीय तहमा भएको किसान सुचीकरणको लगत तयार गरी सुचीकरणको कामलाइ गति दिन आबश्यक पहल गर्ने ।
- प्रणालीमा भरेका फारमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी कुनै सुझाव भए सम्बन्धित किसान र स्थानीय तहलाइ समेत जानकारी गराउने ।
- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम संचालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्यांकको आधारमा गर्ने ।
- सम्बन्धित निकायले कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम संचालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने ब्यवस्था मिलाउने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाइ किसान सहुलियत तथा किसान कल्याण सम्बन्धि न्युनतम सुबिधाको सुनिश्चितता गर्ने ।
- किसान सूचना प्रणालीको लागि आबश्यक उपकरण तथा तथ्यांक संकलनको लागि आबश्यक ट्याबलेटहरुको ब्यवस्था गर्ने ।
- किसान सूचना प्रणालीको संचालनमा कुनै प्राबिधिक समस्या भए भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयमा जानकारी गराउने ।

(घ) स्थानीय तहको भूमिका:

- किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने ।
- किसान सूचीकरणकार्यक्रमको प्रचार प्रसार गर्ने ।
- जनप्रतिनिधिहरु (प्रमुख, उप प्रमुख, वडा अध्यक्ष र वडा सदस्य) लाइ कार्यक्रमको बारेमा जानकारी गराउने ।
- सहजकर्ता (तथ्यांक संकलक) हरुको छनौट गरी कृषि ज्ञान केन्द्र र पशु सेवा बिज्ञ केन्द्रको समन्वयमा सम्पर्क अधिकृत तथा सहजकर्ताहरुको क्षमता बिकास तालीम संचालन गर्ने ।
- सम्बन्धित किसानलाइ किसान सुचीकरणको प्रमाणपत्र उपलब्ध गराउने ।
- सहजकर्ता (तथ्यांक संकलक) हरुलाइ तोकिएको दररेटमा पारिश्रमिक भुक्तानी गर्ने
- सम्पर्क अधिकृतहरुलाइ किसान सूचीकरणअबधिभरको लागि यातायात तथा संचार खर्चको ब्यवस्था गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम संचालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्यांकको आधारमा गर्ने ।
- सम्बन्धित निकायले कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि कार्यक्रम संचालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने ब्यवस्था मिलाउने र यसको लागि कृषि र पशु सेवा शाखाले आबश्यक सहजिकरण गर्ने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाइ किसान सहुलियत तथा किसान कल्याण सम्बन्धि न्युनतम सुबिधाको सुनिश्चितता गर्ने ।
- किसान सूचना प्रणालीको लागि आबश्यक उपकरण तथा तथ्यांक संकलनको लागि आबश्यक टयाबलेटहरुको ब्यवस्था गर्ने ।
- किसान सूचना प्रणालीको संचालनमा कुनै प्राबिधिक समस्या भए कृषि ज्ञान केन्द्र वा पशु सेवा बिज्ञमा सम्पर्क गर्ने ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसुची २

किसान परिचय पत्रको नमुना

## ..............गाँउपालिका/...........नगरपालिका

## किसान परिचय पत्र

किसान पहिचान सङ्केत नम्बरः

नामः

लिङ्गः

उमेरः

ठेगानाः

नागरिकता प्रमाण पत्र नम्बरः

फोन नम्बरः

कृषि कार्यको क्षेत्रः

| फोटो |
|---|
| QR Code |

प्रमाणित गर्ने

.........................

नामः

........................................................................................................................................

नोटः

- यो सूचीकरण प्रमाणपत्र कसैले पाएमा सम्बन्धित कार्यालय, जिल्ला स्थित कृषि सम्बन्धि कार्यालय, जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाईदिनुहोला।
- यो सूचीकरण प्रमाणपत्र तीनै तहका सरकारका लागि मान्य हुनेछ।
- यो सूचीकरण प्रमाणपत्र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह मार्फत कृषि सेवा प्राप्त गर्न आवश्यक हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची ३

## आधारभूत जानकारी फारम

१. मोबाइल नम्बरः

२. नाम (नेपालीमा) : पहिलो नाम विचको नाम थर

३. नाम (अङ्ग्रेजीमा) : First Name Middle Name Last Name

४. लिङ्गः महिला/ पुरुष/ अन्य

५. जन्ममितिः वि.सं साल महिना गते

६. शैक्षिक योग्यता

- निरक्षर
- साक्षर
  - सामान्य लेखपढ
  - प्राथमिक तह (८ सम्म)
  - माध्यमिक तह (८ देखि १२ सम्म)
  - स्नातक वा माथिल्लो तह

७. स्थायी ठेगाना : प्रदेश, जिल्ला, स्थानिय तह, वार्ड नम्बर, टोल

८. कृषि कार्य गरेको ठेगानाः प्रदेश, जिल्ला, स्थानिय तह, वार्ड नम्बर, टोल

९. नागरिकता प्रमाण पत्र नम्बरः

१०. नागरिकता जारी गर्ने जिल्लाः

११. कृषि कार्यको क्षेत्रः कृषि/बाली, पशुपन्छी, मिश्रित

कृषि कार्यको उपक्षेत्र समेत उल्लेख गर्ने

१२. जग्गाको क्षेत्रफल

- भूमिहिन
- ... बिघा... कट्ठा ... धुर
- ... रोपनी... आना ... पैसा

१३. औसत वार्षिक आम्दानी रुः

- कृषि पेशाबाट हुने रुः ... ...
- गैर कृषि पेशाबाट हुने रुः ... ...
- जम्मा रुः ... ...

१४. वार्षिक औसत महिना कृषि कार्यमा संलग्न समय

- ३ महिना
- ४ देखि ६ महिना
- ७ देखि ९ महिना
- बर्षैभरि

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची ४

## विस्तृत जानकारी फारम

१. पारिवारिक विवरण

१.१ परिवारमा रहेका जम्मा सदस्य संख्याः

- महिलाः
- पुरुषः

१.२ कृषि कार्यमा संलग्न सदस्य संख्याः

१.३ कृषि कार्यमा सलग्न सदस्यहरुको विस्तृत विवरण

| क.स. | किसानसँगको नाता | पुरा नाम | उमेर | लिङ्ग | कृषि कार्यको क्षेत्र | नागरिकता प्रमाण पत्र नम्बर | फोन नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादन क्षेत्र/ प्रशोधन क्षेत्र/ बजारिकरण/ कृषि उद्यम/ कृषि श्रमिक | | |
| | | | | | | | |

१.४ कृषि पेशा वा व्यावसायमा संलग्न वर्षः

**२. जग्गा तथा सिँचाई विवरण**

२.१ जमिन स्वामित्वको विवरण (स्थायी ठेगानामा रहेको)

| क. सं | जग्गाको विवरण | | | सिँचाई विवरण | | |
|---|---|---|---|---|---|---|
| | स्वामित्व ( जग्गा धनी) | जमिनको किसिम | क्षेत्रफल | सिँचाई उपलब्धता छ/छैन | सिँचित क्षेत्रफल | सिँचाईको श्रोत<br>• पोखरी/ रिजरभायर<br>• सिँचाई कुलो<br>• भूमिगत सिँचाई (स्यालो टयुबवेल तथा डिपटयुववेल)<br>• आकासे पानी सङ्कलन |
| १ | आफ्नो | पाखो बारी | | | | |
| २ | आफ्नो | खेत | | | | |
| ३ | परिवारको नाममा | पाखो बारी | | | | |
| ४ | परिवारको नाममा | खेत | | | | |
| ५ | ऐलानी/ पर्ती | पाखो बारी | | | | |
| ६ | ऐलानी/ पर्ती | खेत | | | | |

*नोटः समावेश गरिएको ऐलानी/ पर्ती जग्गाको विवरण कृषि तथ्याङ्क सङ्कलन प्रायोजनको लागी मात्र प्रयोग हुनेछ। कानुनी प्रयोजनको लागी यो विवरण वैध हुने छैन।*

२.२ एक भन्दा बढी स्थानीय तहमा कृषि कर्म गरिएको भए सो को विवरणः

| क.स. | ठेगाना | क्षेत्रफल | सिँचाई उपलब्धता | कृषि कार्यको क्षेत्र | कृषि कार्यको उपक्षेत्र | स्वामित्व | करार भए जग्गा धनीको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२.३ अन्य व्यक्तिलाई जग्गा करार/भाडामा लगाएको भए सोको विवरणः

| क्र. सं | जग्गाको विवरण | | | सिँचाई विवरण | | |
|---|---|---|---|---|---|---|
| | स्वामित्व ( जग्गा धनी) | जमिनको किसिम | क्षेत्रफल | सिँचाई उपलब्धता छ/छैन | सिँचित क्षेत्रफल | सिँचाईको श्रोत<br>• पोखरी/ रिजरभायर<br>• सिँचाई कुलो<br>• भूमिगत सिँचाई (स्यालो ट्युबवेल तथा डिपट्युबवेल)<br>• आकासे पानी सङ्कलन |
| | | | | | | |
| | | | | | | |

कृषक दर्ता नम्बरः

छैन भने

नामः

फोन नम्बरः

ठेगानाः

सम्झौता मितिः

सम्झौता समाप्त हुने मितिः

नागरिकता प्रमाण पत्र नम्बरः

हालको ठेगानाः

## ३. बाली उत्पादन विवरण

३.१ खाद्यन्न बाली, तरकारीबाली, दलहनबाली, औधोगीक बाली, मसलाबाली, पुष्पखेती

| क.स. | बालीको नाम | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

३.२ फलफूल बाली

| क.स. | बालीको नाम | बोट संख्या | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |

३.३ बीउ/ बेर्ना/ नर्सरी

| क.स. | बाली | जात | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.४ च्याउ

| क.स. | च्याउको जात | टनेल संख्या | प्लाष्टिकघर क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.५ रेशम

| क.स. | किम्बु लगाईएको क्षेत्रफल | रेशम कीराको जात | किरा संख्या |
|---|---|---|---|
| | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

३.६ मौरी

| क्र.स. | मौरीको जात | घारको संख्या | उत्पादन परिमाण (मह / घार / गोला/ रोयल जेली, प्रोपेलिस आदी) |
|---|---|---|---|
| | | | |
| | | | |

४. पशुपन्छी पालन विवरण

४.१ गाईपालन

| जात/नश्ल | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| स्थानिय छ/छैन | | | |
| उन्नत छ/छैन | | | |

४.२ भैंसीपालन

| जात/नश्ल | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| स्थानिय छ/छैन | | | |
| उन्नत छ/छैन | | | |

४.३ चौरी/याक पालन

| प्रजाती | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| चौरी छ/छैन | | | |
| याक छ/छैन | | | |

४.४ गोरु/राँगा पालन

| किसिम | संख्या |
|---|---|
| गोरु छ/छैन | |
| राँगा छ/छैन | |

४.५ भेंडा/बाखा/च्याङ्ग्रा पालन

| प्रजाती | संख्या | | | |
|---|---|---|---|---|
| | माउ | खसि | बोका | पाठा/पाठी |
| भेंडा छ/छैन | | | | |
| बाखा छ/छैन | | | | |
| च्याङ्ग्रा छ/छैन | | | | |

४.६ बङ्गुर/ सुङ्गुर/ बँदेल पालन

| प्रजाती | संख्या | | |
|---|---|---|---|
| | माउ | भाले | पाठा/पाठी |
| बङ्गुर छ/छैन | | | |
| सुङ्गुर छ/छैन | | | |
| बँदेल छ/छैन | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

४.७ कुखुरापालन

| जात/नश्ल | पालन गरिएको | संख्या | वार्षिक औषत अण्डा उत्पादन संख्या | वार्षिक औषत कुखुरा उत्पादन संख्या (विक्रि प्रायोजन) |
|---|---|---|---|---|
| लेयर्स कुखुरा | छ/छैन | | | |
| ब्रोईलर कुखुरा | छ/छैन | | | |

४.८ अन्य पन्छीहरु

| प्रजाति | संख्या | वार्षिक औषत अण्डा उत्पादन संख्या | वार्षिक औषत विक्रि प्रायोजन उत्पादन संख्या |
|---|---|---|---|
| हाँस छ/छैन | | | |
| बट्टाई छ/छैन | | | |
| अस्ट्रिच छ/छैन | | | |
| कालीज छ/छैन | | | |
| टर्की छ/छैन | | | |
| लौकाट छ/छैन | | | |
| परेवा छ/छैन | | | |
| अन्य पन्छीहरु खुलाउने | | | |

४.९ मत्स्यपालन

| प्रजाति | पोखरीको क्षेत्रफल | संख्या | उत्पादन प्रयोजन | उत्पादन एकाइ छनौट गर्नुहोस् | उत्पादन परिमाण |
|---|---|---|---|---|---|
| रहु, नैनी, भाकुर, सिल्भर कार्प, विगहेड कार्प, ग्रास कार्प, कमन कार्प, ट्राउट, छडी, टिलापिया, पंगास, स्थानीय, अन्य | | | मासु / जिउँदो बिक्री / भुरा उत्पादन | के.जी., क्विन्टल, संख्या | |

४.७ अन्य पशुपालन

| क.स. | प्रकार | सँख्या |
|---|---|---|
| | घोडा | |
| | खच्चड | |
| | गधा | |
| | खरायो | |
| | कुकुर | |
| | बिरालो | |
| | अन्य | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

४.८ हिउँदे वर्षे बहुवर्षे घाँसेबालीको विवरण

| घाँसको किसिम | जात | क्षेत्रफल | हरियो घाँस उत्पादन मे टन | बीउ उत्पादन |
|---|---|---|---|---|
| हिउँदे | | | | |
| वर्षे | | | | |
| वहुवर्षे | | | | |
| डालेघाँस | | | | |
| नर्सरी | | | | |

## ५. कृषि व्यवसाय/फर्म/उद्यम विवरण

५.१ व्यवसाय/फर्म/उद्यम दर्ता नम्बर

५.२ दर्ता मिति

५.३ व्यवसाय/फर्म/उद्यमको नाम

५.४ दर्ता भएको कार्यालय

५.४ प्यान/भ्याट नं

५.७ अध्यक्ष/संचालकको नाम

५.८ व्यवसाय/फर्म/उद्यमको किसिमः *कृषि, पशुपालन, मिश्रीत*

५.९ *सदस्य संख्या*

५.१० बार्षिक रोजगारी श्रृजना सँख्याः

६. कृषि/पशुपन्छी/मत्स्यपालन सँग सम्बन्धित मेशिनरी प्रयोग विवरण

| क.सँ. | मेसिनरीको नाम | स्वामित्व | क्षमता | संख्या |
|---|---|---|---|---|
| | | आफ्नो/भाडामा | *(आफ्नो स्वामित्व भएमा मात्र)* | |
| | | | | |
| | | | | |

७. कृषि/पशुपालन/मत्स्यपालनसँग सम्बन्धित सँरचनाको विवरण

| क.सं | संरचनाको प्रकार | संख्या | क्षेत्रफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसुची ५

कृषक दर्ताको अवधारणा र स्थानीय तहहरुमा "कृषक दर्ता व्यवस्थापन कार्यक्रम" कार्यान्वयनको लागि विनियोजित शशर्त अनुदान अन्तर्गतको रकम बाँडफाडका आधारहरु

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## कृषक दर्ता व्यवस्थापन कार्यक्रम को लागि विनियोजित शशर्त अनुदान रकम खर्च गर्ने आधारहरु

यस कार्यलाई अभियानकै रुपमा अगाडि बढाउने सम्बन्धमा तीनै तहका सरकारहरुबाट व्यापक प्रचार प्रसारका साथै कृषक सूचिकरण घुम्ती अभियान कार्यक्रमहरु समेत सञ्चालन गर्न आवश्यक रहन्छ । सो प्रयोजनका लागी चालु आ.वमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाछ संघीय सशर्त अनुदान अन्तर्गत ब.उ.शि.नं ३१२००१०१ अन्तर्गत कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमको कृषक दर्ता व्यवस्थापन कार्यक्रमलाई तपसिल अनुसार बाँडफाड गरी सम्बन्धित स्थानीय तहको कृषि शाखा मार्फत कार्यक्रम सन्चालन गर्न सकिनेछ ।

### १ सफ्टवेयर निर्माणमा खर्च गर्न नपाइने

कृषकका विवरणहरु सबै तहका सरकारको पहुँच रहने गरि राष्ट्रिय प्रणाली आवश्यक रहेकाले सोका लागि आवश्यक सफ्टवेयर संघीय मन्त्रालय मार्फत निर्माण हुने हुँदा सफ्टवेयर निर्माणमा उक्त रकम विनियोजन गर्न पाइने छैन ।

यस अलावा सफ्टवेयरमा बढी भन्दा बढी कृषकहरुको विवरण प्रविष्ट गर्नका लागि आवश्यक सहजिकरण हुने किसिमका निम्न कृयाकलापहरुका लागि विनियोजित उक्त बजेट बाँडफाड गर्न सकिनेछ ।

### २ सुचना प्रवाह एवं प्रचारप्रसार

कृषि पेशा/व्यवसायमा संलग्न सबै किसानहरुलाई सरकारबाट उपलब्ध हुने अनुदान र सहायताहरु प्राप्त गर्नका लागि कृषक पहिचान संकेत नं अनिवार्य रहेको हुनाले यस प्रणालीमा सूचिकृत हुन सुसुचित गर्ने प्रयोजनका लागि स्थानिय सञ्चार माध्यम मार्फत सुचना प्रवाहमा बढीमा २० प्रतिशत रकम विनियोजित गर्न सकिनेछ ।

### ३ घुम्ति शिविर सञ्चालन तथा परिचालकहरु परिचालन

स्थानीय तहको कृषि तथा पशुपन्छी शाखासँग समन्वय गरि कृषक सुचिकरण सम्बन्धि जनचेतना जगाउने, कृषकहरुको विवरण सफ्टवेयरमा प्रविष्ट गर्न सहजिकरण गर्ने, प्रविष्ट विविरण प्रमाणीकरणमा सहजिकरण गर्ने कार्यका लागी बुँदा १९(२) अनुसार पारिश्रमिक उपलब्ध हुने गरि परिचालकहरु नियुक्त गर्न सकिनेछ ।

### ४ वडा समितिको बैठक व्यवस्थापन:

कृषक प्रमाणीकरणका लागी वडा समितिकोबैठकहरु व्यवस्थापन (सहभागीहरुले नियमानुसार पाउने बैठक भत्ता, खाजा खर्च लगायत)का लागी विनियोजित रकमको बढीमा २० प्रतिशत रकम खर्च गर्न सकिनेछ।

### ५ अन्य कृयाकलापहरु

यस अलावा स्थानीय तहले कृषक सूचिकरणलाई प्रभावकारी बनाउन आवश्यक देखिएका अन्य कृयाकलापहरु जस्तै घुम्ति शिविरहरु सञ्चालनका लागि आवश्यक इन्धन वा सवारी भाडा खर्च, हल भाडा, स्टेशनरीहरु, खाजा/पानी खर्च अन्य आइपर्ने मसलन्द खर्चहरु लगायतका व्यवस्थापकीय कार्यहरु साथै विवरण संकलन गर्न नियुक्त गरिएका गठकहरुलाई अनलाइन विवरणहरु प्रविष्ठ गर्ने प्रयोजनका लागि इन्टरनेट शूल्क बापत बढीमा मासिक १००० रुपैया सन्चार खर्च बापत उपलब्ध गराउन सकिनेछ ।